## ७. आयोजनाको कार्यअवधि

नेपाल सरकार र एशियाली विकास बैंक बीच ८ मे २०१२ मा भएको ऋण संभौता अनुसार औपचारिक रुपमा सुरु यस आयोजनाको कार्यावधी पाँच बर्ष सम्म रहनेछ ।

## ८. कार्यान्वयन विधि

यस आयोजनाको संयोजन सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, आयोजना समन्वय कार्यालयले गर्ने छ भने सम्पूर्ण निर्माणकार्य सिद्धार्थनगर नगरपालिकाले एकिकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाई मार्फत गर्नेछ । नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा गठन हुने एक नगर स्तरीय निर्देशक समितिको निर्देशनमा परियोजना प्रमुख मार्फत आयोजना कार्यान्वयन हुनेछ । यस आयोजना अन्तर्गतको विविध कार्यक्रम सफलताका साथ संचालन गर्न डिजाईन तथा सुपरीवेक्षण कन्सल्टेन्ट (Design Supervision Consultant) तथा गैह-सरकारी संस्था (NGO) परामर्शदाताहरु नियुक्त गरी निजी क्षेत्र, स्थानीय सामाजिक संघ संस्था, समूह लगायत स्थानीय जनताहरुको सहयोग समेत प्राप्त भइरहेको छ ।

## ९. आयोजनाको महत्त्व, अवसर र उपलब्धी

- नेपाल सरकार, सहरी विकास मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्राथमिकतामा रहेको कार्यकम;
- स्थानीय निकायको चासो र आवश्यकता;
- दातृ निकायको सहयोग;
- लैंगिक समानता तथा सामाजिक समावेसीकरण (Gender Equality and Social Inclusion - GESI) लाई सम्बोधन गर्ने कार्यक्रम रहेको;
- सबल पूर्वाधारहरु जस्तै ढल प्रणालीको विकास, सडक सुधार तथा स्यानिटरी ल्याण्ड फिल्ड साइट सहितको फोहोरमैला व्यवस्थापन कार्य भई नगर क्षेत्रको वातावरणमा उल्लेख्य सुधार आउने;
- सामुदायिक विकास कार्यक्रमको माध्यमबाट जनचेतना अभिबृद्धि हुने, सीपमूलक कार्यक्रमद्वारा क्षमता अभिबृद्धि भई रोजगारीको अवसर प्राप्त हुने;
- शहरलाई सफा राख्ने अभियानको शुरुवात हुने;
- सामाजिक सचेतनाको माध्यमबाट नागरिकहरुमा आफ्नो क्षेत्र विकास र सुधारको लागि आफै सचेत र सहभागी हुनु पर्ने कुराको चेतना विकास हुने ।

## १०. आयोजनाबाट सम्पन्न गर्नुपर्ने कार्यक्रम

| क्र.सं. | कार्यक्रमहरु | खर्च रकम (मिलियन डलर) |
|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन र सुधार | ३.३७ |
| २ | ढल व्यवस्थापन र सुधार | ६.७८ |
| ३ | सडक सुधार | १.७७ |
| ४ | सामुदायिक संरचना | ०.३२ |
| ५ | वातावरण तथा सामाजिक प्रभाव न्यूनिकरण | ०.६० |
| ६ | परामर्शदाता | १.७४ |
| ७ | चालु खर्च | ०.६१ |
| ८ | भैपरी आउने खर्च | २.०० |
| | जम्मा | १७.१८ |


सिद्धार्थनगर नगरपालिकाको कार्यालय
**एकीकृत सहरी विकास आयोजना**
**परियोजना कार्यान्वयन इकाई**
भैरहवा, रुपन्देही
फोन : ०७१-५२३५६०
फ्याक्स : ०७१-५२०२०९
Email: iudp.siddharthanagar@gmail.com


सामुदायिक विकास कार्यक्रमको लागि परामर्शदाता गैसस
**नेपाल ग्रामीण विकास केन्द्र (NRDC)**



सिद्धार्थनगर नगरपालिकाको कार्यालय

# एकीकृत सहरी विकास आयोजना
# परियोजना कार्यान्वयन इकाई

सिद्धार्थनगर, रुपन्देही



सिद्धार्थनगर नगरपालिका भवन



सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र बुद्धचोकको एक दृश्य

सामुदायिक विकास कार्यक्रमको लागि परामर्शदाता गैसस
**नेपाल ग्रामीण विकास केन्द्र (NRDC)**
२०७०

## १. सिद्धार्थनगर नगरपालिकाको परिचय:

सिद्धार्थनगर नगरपालिका नेपालको राजधानी काठमाण्डौ देखि लगभग २८५ कि.मि.दक्षिण-पश्चिममा अवस्थित छ । नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अर्न्तगत लुम्विनी अञ्चल, रुपन्देही जिल्लाको सदरमुकाम रहेको यस नगरपालिका ८३° २६' पूर्वी देशान्तर र २७° ३१' उत्तरी अक्षांश रेखा भित्र रहेको छ । यो नगरपालिकाको क्षेत्रफल ३६.०३ वर्ग कि.मी. रहेको छ भने यो नगरको उचाइ समुन्द्र सतहबाट ११० मिटर छ । यस नगरपालिकाको सिमाना पूर्व: बगाहा र बसन्तपुर गा.वि.स., पश्चिम: हाटी बनगाई गा.वि.स., उत्तर: पडसरी र फर्सोटिकर गा.वि.स., दक्षिण सुनौली (महाराजगञ्ज जिल्ला, भारत) सँग जोडिएको छ । रूपन्देही जिल्लाको दक्षिणी भागमा अवस्थित सिद्धार्थनगर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने पाँचवटा मुख्य प्रवेशद्वारहरु मध्ये एक महत्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित तथा भगवान गौतम बुद्धको वाल्यकालको नाम सिद्धार्थ (सर्वअर्थसिद्ध) बाट सम्वोधित नगर हो । हाल सिद्धार्थनगर नगरपालिका वडा नं. ७ मा पर्ने भैरहवा गाउँ नै सिद्धार्थनगरको पुरानो थलो हो ।

जिल्लाको कूल क्षेत्रफल १३६० वर्ग कि.मि. मध्ये २.६४% क्षेत्र ओगटेको यो नगरपालिका २०२४ सालमा भैरहवा नगरपञ्चायत, २०३४ सालमा सिद्धार्थनगर नगरपञ्चायत र २०४७ साल जेठ २८ गते सिद्धार्थनगर नगरपालिका घोषित भएको हो । यस नगरपालिकामा १३ वटा वडाहरु रहेकाछन् । कृषि क्षेत्र ८२.२९%, आवास क्षेत्र ८.६३%, बजार क्षेत्र १.५३% र अन्य ७.५५% रहेको यस नगरपालिकामा घरधुरी संख्या १२,५१३ र जनसंख्या ६४,५६६ मध्ये महिला ३१८९५, पुरुष ३२६७१ र जनघनत्व १७९८ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको साक्षरता ७८.९४% रहेकोछ ।

(Source: Population Census - 2011)

## २. एकीकृत सहरी विकास आयोजनाको परिचय :

एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा नेपालका तराईमा अवस्थित सहरहरु क्रमश: धरान नगरपालिका, जनकपुर नगरपालिका, सिद्धार्थनगर नगरपालिका र नेपालगञ्ज नगरपालिकामा सहरी वातावरण पूर्वाधारहरुको विकासको माध्यमबाट नगरवासीहरुको जीवनस्तरमा वृद्धि गर्ने उद्देश्यका साथ जुलाई २०१२ देखि एकीकृत सहरी विकास आयोजना (Integrated Urban Development Porject - IUDP) सञ्चालनमा रहेकोछ । यस आयोजनामा लैंगिक समानता र सामाजिक समावेसीकरणलाई समेत मूल प्रवाहमा राखि सहरी पूर्वाधारहरु निर्माण एवं जनचेतना अभिवृद्धिको माध्यमबाट आर्थिक विकास गर्ने लक्ष्य राखिएको छ । यो आयोजना अन्तर्गत सिद्धार्थनगर नगरपालिकामा सञ्चालन हुने कार्यकमको कूल लागत १७.१८ मिलियन अमेरीकी डलर छ भने यस आयोजनको कार्यावधि ५ बर्षको रहेको छ ।

## ३. आयोजनाको उद्देश्य

३.१ नगरपालिकाहरुमा सहरी पूर्वाधार विकास गर्ने:

३.१.१ सतही ढल प्रणाली लाई व्यवस्थित गर्नुका साथै सडक सुधारका कार्य गर्ने;

३.१.२ स्यानिटरी ल्याण्ड फिल्ड सहितको फोहोरमैला व्यवस्थापन गर्ने ।



प्रस्तावित ल्याण्ड फिल्ड साइट क्षेत्र



नगरपालिका क्षेत्रमा ढलको अवस्था

३.२ सामुदायिक विकास कार्यक्रम सञ्चालन तथा लैगिक समानता र सामाजिक समाबेशीकरणमा अभिवृद्धि गर्ने:

३.२.१ नगरवासीलाई स्वास्थ्य, सरसफाई सम्वन्धी विषयमा जनचेतना अभिवृद्धि गर्ने;

३.२.२ समुदायलाई परिचालन गरी सार्वजनिक स्थलमा स-साना सामुदायिक पूर्वाधारहरुको विकास गर्ने;

३.२.३ समाजका महिला, न्यून आयवर्ग, दलित, गरिबीको रेखामुनि रहेका मानिसहरुलाई सीपमुलक तालिम दिई स्वरोजगारको अवसर प्रदान गर्ने;

३.२.४ सहरी विकास मन्त्रालयको समन्वयमा लैगिक समानता तथा सामाजिक समावेशिकरणको क्षमता वृद्धि गर्ने ।

## ४. सिद्धार्थनगर नगरपालिकामा प्रस्तावित कार्यक्रमहरु

आयोजनाको उद्देश्य प्राप्त गर्न यस सिद्धार्थनगर नगरपालिकामा निम्न प्रकारका कार्यक्रमहरु संचालन हुनेछन् ।

- १३.१२ कि.मि. नयाँ सतही ढल निर्माण तथा ३८.५ कि.मि. विद्यमान ढल प्रणालीको सुधार गर्ने ( ढल सफा गर्ने र झारपात हटाउने समेत);



नगरपालिका क्षेत्रमा ढलको अवस्था



नगरपालिका क्षेत्रमा सडकको अवस्था

- ९ कि.मि. सडक निर्माण तथा सुधार गर्ने;
- स्यानिटरी ल्याण्ड फिल्ड साइट सहितको फोहोरमैला व्यवस्थापन गर्ने (स्यानिटरी ल्याण्ड फिल्ड साइटको लागि पटखौली गा.वि.स. वडा नं ८ मा ६ विगाहा जग्गा खरिद गरिसकिएको);
- सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्ने तथा लैगिंक समानता र सामाजिक समावेशिकरणमा अभिवृद्धि गर्ने ।

## ५. एकीकृत सहरी विकास आयोजनाको कार्यक्षेत्र

एकीकृत सहरी विकास आयोजना, सिद्धार्थनगर नगरपालिकाको कार्य क्षेत्र सिद्धार्थनगर नगरपालिका भित्र पर्ने सम्पूर्ण क्षेत्र बुझिनेछ । तर पनि यस आयोजनाले नगरपालिका भित्र रहेको अति गरीव बस्ती र पिछडिएको क्षेत्रको स्तरोन्नतीको लागि विशेष ध्यान दिने छ । एक सम्पन्न तथा सम्मुन्नत शहरको निर्माण पर्याप्त मानवीय तथा आर्थिक साधन/श्रोत, सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता, सामाजिक जागरणको अवस्था, प्राकृतिक बनोट आदि जस्ता आधारभूत कुराहरुमा निर्भर रहने हुन्छ । तसर्थ उपलव्ध साधन स्रोतको समुचित प्रयोग गरी सिद्धार्थनगर नगरक्षेत्रको आधारभूत पूर्वाधारको विकास गरिने छ ।

## ६. अनुमानित लागत तथा वित्तीय व्यवस्था

यस नगरपालिकामा संचालन गरिने यस आयोजनाको कूल लागत १७.१८ मिलियन अमेरीकी डलर (रु १ अरब ६४ करोड ९२ लाख ८० हजार, १ डलर = ९६ रुपैया) हुनेछ । उक्त लागत मध्ये निर्माण कार्यमा १२.२४ मिलियन अमेरीकी डलर (रु १ अरब १७ करोड ५० लाख ४० हजार र ४.९४ मिलियन अमेरीकी डलर (रु ४७ करोड ४२ लाख ४० हजार) संस्थागत विकास, सामाजिक विकास, तालिम, परामर्श, लगायत विविध गैर निर्माण कार्यहरुमा खर्च हुने अनुमान गरिएको छ ।